

फोटो - अरुण सिंह तुलाधर

दिवंगत श्रद्धेय रत्न माऊ

**श्रद्धेय रत्न मञ्जरी गुरुमां नं थःगु जीवने च्वयाबिज्याःगु (छपु हे जक) लेख थन उल्लेख जुयाच्वंगु दु । – सं.**

# करूणा व मुदिता दुम्ह मणिहर्ष ज्योति दाई



**रत्न मञ्जरी गुरुमां**
*ध्यान प्रशिक्षिका*

बर्मा देश स्थविरवादी बुद्ध धर्मया लागी अति प्रसिद्ध जुउ । नेपालयापिं भन्तेपिं आपाः थें यानाः बर्माय् हे ब्वना बिज्याःपिं खः । जि नं बर्माय् वनाः ब्वने स्यनेगु व ध्यान भावना यायेगु तःधंगु इच्छा जुल । बर्मा वनेया लागी पासपोर्ट काः वनां उगुंथुगुं खँ ल्हानाः आलताल यानाः पासपोर्ट बिउगु हे मखु । जि धाःसा बर्मा वनेगु तसकं आयबुये धुंकल । जि जक जिउसा ब्वया हे वने दुसा जिउथें च्वं । पासपोर्ट हे मदयेकं मेगु दशय् वनेगु ला खँ हे दुगु मखु । नेपालय् जक च्वनां जितः न्हचः वःगु हे मखुत । थ्वहे खँ जिं महाकवि चित्तधर 'हृदय' या श्रीमती ज्ञानप्रभा ततायात धया । वय्कलं छःपिन्त जिं कलकत्ता तक यंकाबिइ धन्दा कायेम्वाः धयादिल । कलकत्ताय् साहु मणिहर्ष ज्योति च्वं च्वनादिइगु छेँ रामजीदास जेटिया लेन, बडा बजारय् थ्यंका बियादिल । जि थन हे च्वना । साहु मणिहर्ष ज्योति ज्ञानप्रभा तताया किजा खः ।

कलकत्ताय् च्वनाः बर्माया विहारय् वनाः अनपाखें धयाः पासपोर्ट काये दइला धकाः धाः वना, कुतः याना । तर नेपालं हे मबिउगु पासपोर्ट अन च्वनां गबले बिइ । साहु मणिहर्ष ज्योतिजु थुबलय् हे थन परिचय जुउगु खः । वय्कः व वय्कःया श्रीमती केसरी लक्ष्मीं नं जितः थःगु छेँया हे परिवार थें यानाः तइतयादिल । जि धाःसा बर्माय् वनाः आखः ब्वंवनेगु जक हे ध्याउन्न । थ्व हे खँ जिं मणिहर्ष दाइयात नं धया । वय्कलं पासपोर्टया लागी जिं कोशिश याये धयादिल । वय्कलं अथे धया दिइगुलिं जि बर्मा वने खनिला धयागु मनय् आशा चुलि जाया वल ।

जि कलकत्ताय् च्वनाबले वय्कःपिंलिसे हे वय्कःपिनि कारखाना खोले यानातःथाय् भिलाइलय् नं वना । वय्कःपिं गन-गन झाल, जितः नं अन-अन ब्वना यंकादिल । पासपोर्टया व्यवस्था मजुउतले जि कलकत्ताय् तःलामछि हे च्वनाच्वनेमाल जि अन उलिमछि च्वनाच्वने माःसां वय्कःपिं भचिता हे लागि चाया मदिइ ।

बर्माय् वनेत, च्वनेत व अनं लिहां वयेत माक्व खर्च जिं ब्यहोरे याये धकाः मणिहर्ष ज्योति दाइनं बर्मा सरकारयात च्वयाछ्वयादिइगुलिं जितः पासपोर्ट बिल । वय्कः साहुजुया कुतः व धर्म जि बर्मा वने खना, जिगु इच्छा पूर्ण जुल । जिगु मन साप लय्ताल ।

जि बर्माय् वनाः अभिधर्मया ग्रन्थ ब्वना । ध्यानय् स्वला स्वला प्यको च्वना । बर्माय् च्वनाबले खर्च माःसा अनयापिंके छुं हे धायेमते, गुलि माल धयाहिं, धकाः मणिहर्ष दाइनं च्वयाहयादिल । वय्कलं जितः माक्व खर्च बियादिल । वय्कःया हे कृपां थःगु इच्छा अनुसार ध्यान भावना याये फुगु खः । इगतपुरं सहायक आचार्य जुया वया नं साप लयताया दिल । "छःपिनि छु इच्छा खः, जिं पुरे याये, गुरुमां" धयादिल । ध्यानय् च्वनेत थाय् मरुगुलिं सीगलय् धर्मकीर्ति विहारया च्वय् छतँ थकया बिइत जिं धया । वयकलं जिउ धयादिल । लिपा वय्कःयात ल्वय् जुइधुंकाः नं जितः सःताः विहार दयेकेत माक्व दां जिं बिइ धयादिल । थुकिया बारे धम्मवतीं धयाबिज्यात हे जुई ।

आः प्यकु हाकःगु निकू कोथा कयाः सामान अन तयाः वहे हलय् शुक्रबार पतिं च्यान्हुइ छको सामूहिक ध्यान याना च्वनागु दु ।

मत्यवं मदुम्ह मणिहर्ष ज्योति दाइया लागी जिं न्ह्याबलें पुण्य दान यानाच्वनागु दु ।

धर्मकीर्ति महाविहार ।

---

*थ्व लेख 'मणिहर्ष ज्योति स्मृति ग्रंथ'*
*(सम्पादक- फणिन्द्ररत्न बज्राचार्य, प्रकाशक- नेपाल भाषा परिषद्) य् बु.सं. २५३८, बि.सं. २०५१ स पिदंगु खः ।*

Downloaded from http://www.dhamma.digital

*प्रमुख व्यवस्थापक*
विद्यासागर रञ्जित
फोन: ४२५ ८९५५, ४२२ ४९१२

*व्यवस्थापकहरू*
चिनीकाजी महर्जन
फोन: ४२५ ३१८२
ज्ञानेन्द्र महर्जन
फोन: ४२७६१०८

*सह-व्यवस्थापक*
ध्रुवरत्न स्थापित

*सम्पादक*
भिक्षुणी वीर्यवती
फोन: ४२५ ९४६६

*प्रधान सम्पादक*
भिक्षु अश्वघोष महास्थविर
फोन: ४२५ ९११०

*प्रकाशक र विशेष सल्लाहकार*
भिक्षुणी धम्मवती
फोन: ४२५ ९४६६

*कार्यालय*
धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी
धर्मकीर्ति विहार
श्रीघ: नघ:टोल
e-mail: dharmakirtivihar@mail.com.np
पोष्ट बक्स नं. ४९१२
काठमाडौं
फोन: ४२५ ९४६६

बुद्ध सम्वत् २५५०
नेपाल सम्वत् ११२७
इस्वी सम्वत् २००६
विक्रम सम्वत् २०६३

| | |
|---|---|
| विशेष सदस्य | रु. १०००/- वा सो भन्दा बढी |
| वार्षिक | रु. ७५/- |
| यस अङ्कको | रु. ७/- |


# धर्मकीर्ति
## (बौद्ध मासिक)
# THE DHARMAKIRTI
## A Buddhist Monthly

**रत्न मञ्जरी गुरुमां स्मृति अङ्क**

**NOVEMBER 2006**

| वर्ष- २४ | अङ्क- ७ | सकिमना पुन्ही | कार्तिक २०६३ |
|---|---|---|---|





★ सुसज्जित राजाको रथ जीर्ण भएर गए झैं यो देह (शरीर) पनि जीर्ण भएर जान्छ। तर साधु सन्तको धर्म (शिक्षा) जीर्ण हुँदैन। सन्तहरू सन्तकै अगाडि यही कुरा बताउँछन्।

★ ★ ★

★ यो रुप जीर्ण भएर जाने रोगको घर, अत्यन्त क्षण भंगुर गन्हाउने शरीर छुटेर मरण पछि जीवनको अन्त हुन्छ।

★ ★ ★

★ यो छापा समान सिंगारिएको देह (शरीर), घाउ दर्दले पूर्ण, नाना विधि संकल्पले भरिपूर्ण भएको तथा अस्थिर यो विचित्र शरीरलाई हेर।

# अनिच्चावत संखारा

संस्कार सबै अनित्य स्वभावका छन् । यस वाक्यलाई हामी सबैले पढ्न सक्छौं, भन्न सक्छौं, बुझाइदिन पनि सक्छौं । त्यति गाह्रो छैन बुझ्न र बुझाउन । तर यसलाई आफ्नो भित्री मनले स्वीकार्न भने सकिरहेका छैनौं हामीले । किन होला ?

किन भने हामीले बुद्धको आदर्शलाई अंगाल्न सकिरहेका छैनौं । बुद्धले हावाको भरमा अनित्यतालाई व्याख्या गर्नुभएको होइन । उहाँ विज्जा चरण सम्पन्नो हुनुहुन्छ । अर्थात् उहाँले विद्यालाई सिक्ने र सिकाउने कार्यमा मात्र सीमित राख्नुहुन्न । आफूले प्राप्तगर्नुभएको ज्ञानलाई आफ्नो आचरणमा ढालेर प्रयोग एवं अभ्यासरत रहेर खारिनुभइसकेपछि मात्र त्यस विद्यालाई हामी सामु राख्नु भएको छ भगवान बुद्धले ।

तर हामी विज्जा चरण सम्पन्नो बन्न सकिरहेका छैनौं, त्यसैले हामीले अनित्यताको परिभाषा, वर्णन र विश्लेषण सयौं उपमा दिई सजिलैसित गर्न सक्छौं । तर त्यही अनित्यतालाई स्वीकार्न भने सकिरहेका छैनौं । फलस्वरूप हामीले हाम्रो सामू जति धनसम्पति थुप्रिएपनि पुग्यो अब त भन्ने सकिरहेका छैनौं । चिहानमा गई मृतक मानिस जलाएको हेरिरहुञ्जेल मनमा विरक्त भाव जगाउँदै सोच्ने गर्छौं– "मलाई पनि त एकदिन यसरी नै जलाउनेछ, मरेपछि । एकदिन सबथोक छोडेर जानुपर्छ । मरेर लानु के छ र ? किन मेरो-मेरो भन्दै संगालिरहनु ? आज देखि त कसैसंग पनि झगडा गर्दिन, रिसाउँदिन पनि, बदलाको भावना राख्नु पनि बेकार रहेछ धत्तेरिका आदि...आदि..." । यति सोचिरहेको व्यक्ति मसानबाट घर पुग्न पाएको हुँदैन, घर परिवारको खिचलो अवस्था र समाजको दुषित वातावरणले पिरोल्ने बित्तिकै त्यही मनले सोच्ने गर्छ– "कहाँ छोड्छु र म तँलाई, म अहिले नै बुद्ध बन्न सक्दिन के " भन्दै पाखुरा निमोठ्न पुगिन्छ । यसरी हामी क्षणिक भावावेशको लागि मात्र अनित्य सम्झुञ्जेलसम्म पक्का ज्ञानी बन्न सकिन्न ।

त्यसैले होला विपश्यना ध्यानका वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमांले आफूभित्रको अनित्य स्वभावलाई अनुभवद्वारा बुझिलिने बुद्ध शिक्षा (विपश्यना ध्यान) सिकाउनु हुँदै आज आफ्नो नस्वर देह नै त्याग गर्नुभई हामीलाई यसरी खबरदारी पनि गर्नु भएको छ– "जसरी मैले संसारको अनित्य स्वभावलाई स्वीकारी आफ्नो कर्म अनुसारको गति पकडें त्यसरी नै तिमीहरू पनि त्यही अनित्यतातर्फ लम्कँदै छौ । होश गर्नु ! एकदिन तिमीहरूको शरीर पनि मेरो शरीर जस्तै चितामा लैटिने छ र तिमीहरूले आ-आफ्नो मनले बनाएको कर्म अनुसार गति पकडी जानुपर्नेछ । त्यसैले आजैदेखि होश गर्नु ! एकदिन मरेर जानुपर्ने चोला लिएर आएका तिमीहरूले ४ दिनको लागि पाहुना भएर यस संसारमा बाँचिरहेको छु भनी सम्झनु । बाँचुञ्जेल असत्य त्यागी सत्यको सहारा लिई सबैसँग मित्रता गाँसेर बाँच्ने प्रयास गर र सबैसंग मैत्री भावना राखी शुद्ध चित्तलाई अँगाली मर्न तयार होऊ ।"

[illegible]


| | | |
|---|---|---|
| १. बुद्ध वचन | | १ |
| २. सम्पादकीय - अनिच्चावत संखारा | | २ |
| ३. समय बितेपछि | - रीना तुलाधर | ३ |
| ४. रत्न मञ्जरी गुरुमांको ... | - लोचनतारा तुलाधर | ५ |
| ५. दिवंगत पुज्य गुरुमां ... | - सुश्री शोभा शाक्य | ७ |
| ६. गुरुमांया लुमन्ति | - रोमाञ्चकाजी तुलाधर | ८ |
| ७. पूज्य रत्न मञ्जरी गुरुमांको.. | - इन्द्रावती गुरुमां | ९ |
| ८. रत्न मञ्जरी गुरुमांका... | - रोहित थेक | ११ |
| ९. गुरुमां रत्न मञ्जरीया... | - आनन्द मानसिंह | १२ |
| १०. मैत्री केन्द्र बाल आश्रम ... | - | १२ |
| ११. रत्न समान रत्न मञ्जरी... | - मीना तुलाधर | १३ |
| १२. मैत्रीपूर्ण श्रद्धाञ्जली... | - चमेली गुरुमां | १४ |
| १३. जित: झल झल लुमं... | - अनुपमा गुरुमां | १५ |
| १४. जीवनया निभा: | - नवीन चित्रकार | १६ |
| १५. श्रद्धाञ्जली सभा सम्पन्न | - | २० |
| १६. विपश्यना ध्यान वरिष्ठ... | - | २३ |
| १७. धर्म प्रचार–समाचार | - | २७ |
| १८. श्रद्धाञ्जलिया छपु कविता | - अमिरकुमारी शाक्य | २८ |
| १९. रत्न मञ्जरी गुरुमांया लुमन्ति | - लक्ष्मी हीरा तुलाधर | २९ |
| २०. धर्मकीर्ति पत्रिकाको विशेष सदस्यहरू | | २९ |




Downloaded from http://www.dhamma.digital



दिवंगत श्रद्धेय रत्नमञ्जरी गुरुमाँको पार्थिव शरीर

**"मलाई प्राप्त भएको दान रकम जम्मै मेरो शेषपछि धर्मकीर्ति विहारको लागि नै हुनेछ । अन्तत कतै यसको प्रयोग हुने छैन ।" रत्न मञ्जरी गुरुमांको प्रव्रज्यात्वको सक्कलि नमूना हो यो ।**

# समय बितेपछि

■ रीना तुलाधर
*'परियत्ति सद्धम्म कोविद'*

**यावजीवम्पि चे बालो – पण्डितं पयिरुपासति**
**न सो धम्मं विजानाति – दब्बी सूपरसं यथा**

***अर्थ–*** दारुले दालको रस स्वाद थाहा नपाउने जस्तै मूर्खहरूले जीवन भरसम्म पण्डितको सत्संगत गरेर पनि धर्मको रस थाहा पाउन सक्तैन ।

'धम्मपद' ग्रन्थको यो गाथा हिजोआज म खूबै सम्झीरहन्छु र मलाई आत्मग्लानी भईरहन्छ । गत २०६३ असोज १९ गतेका दिन निधन हुनु भएकी ८८ वर्षीया रत्न मञ्जरी गुरुमां विपस्सना ध्यानकी वरिष्ठ आचार्य हुनुहुन्थ्यो । एक पण्डितनी हुनुहुन्थ्यो । धर्मको रस पिलाउन सक्ने एक पवित्र धर्म गुरु हुनुहुन्थ्यो ।

मलाई सम्झना रहेको छ– वि.सं. २०२८ सालमा धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी स्थापना भएदेखि धर्मकीर्ति विहारमा जांदा मैले रत्न मञ्जरी गुरुमांलाई सँधै देखीर हन्छु । भेट्दा वन्दना गर्दछु । बेला बखतमा दक्षिणा दान दिन्छु, उहाँ आशिर्वाद दिनुहुन्छ, बस् । म कहिल्यै उहाँसंग नजिकिइन । मैले उहाँबाट एक थोपा धर्म रस पिउने प्रयास गरिन । म कस्तो बालमूर्ख रहेछु । कहिलेकाहिं कोही नयाँ साधक/साधिकालाई विपस्सना ध्यान शिविरमा लग्न फाराममा आचार्यको सिफारिस गराउनु पर्दा रत्न मञ्जरी गुरुमांलाई सही गराउन लैजान्थें । बेला बखतमा रत्न मञ्जरी गुरुमांले "फलानो फलानो शिविर मैले संचालन गर्न लागेको छु, ध्यान शिविरमा बस्न आउनु" भनीकन सूचना दिनुहुन्थ्यो । म भन्ने गर्थें– "जानु त पर्दथ्यो गुरुमां । तर अहिले समय अनुकूल छैन ।" रत्न मञ्जरी गुरुमांले सँधै ध्यानमा जान प्रेरणा दिनु हुन्थ्यो । म भने सँधै अनुकूल समयको पर्खाइमा रहन्थें । पर्खंदै समय बितेको अब आएर चाल पायो ।

बाहिरी तबरले रत्न मञ्जरी गुरुमांको स्वभाव कडा खाले नै थियो । अक्सर गरेर उहाँ झोकिएर कुरा गरीरहेको सुन्दछु, देख्दछु । उहाँको झोकी स्वभाव प्रायशः धेरैलाई खत्केकै हुन्थ्यो । त्यसैले पनि हुन सक्छ म उहाँसंग नजिकिन सकिन । तर हिरा पनि नकुँडेसम्म बाहिरबाट काँच जस्तै देखिन्छ । त्यसलाई कुँड्दै गएपछि टल्किन्छ भन्ने कुरो त्यतिखेर मैले बुझिन । अथवा मसँग हिरालाई कुँड्न सक्ने क्षमता थिएन । म्यानमार सरकारबाट उहाँलाई 'महासद्धम्म जोतिक धज' पदवीबाट किन विभूषित गरियो यतातिर पनि मेरो ध्यान गएन । किन त्यतिका धेरै मानिसहरू रत्न मञ्जरी गुरुमांको ध्यान कक्षमा पुग्छन्, मैले चासो नै लिइन ।

उहाँको निधन भएपछि बल्ल उहाँको बारेमा जान्ने उत्सुकता जाग्यो। अन्तिम श्रद्धाञ्जलीको बेलामा उहाँसँग नजिकिन पाएका मानिसहरूबाट उहँको पवित्रतामाथि गुणगान गरीरहेको सुन्दा म झस्किएँ। म त निकै ठूलो घाटामा परीसकेको रहेछु। मानिसहरू उहाँमाथि श्रद्धा व्यक्त गर्दै नथाकेको देखेर मेरो भित्री मन पछुटावाले रोईर हेको थियो। "उहाँ वास्तवमै एक हिरा हुनुहुन्थ्यो" उहाँसँग ज्यादै नजिकिएका एक व्यक्तिबाट मैले सुनें। "उहाँ साँच्चै कस्ता व्यक्तित्व हुनुहुन्थ्यो त?" मैले आफैसँग प्रश्न गरें। उत्तर खोज्न समय बितीसकेको छ।

उहाँ कम बोल्नु हुन्थ्यो। आफूलाई प्रचार प्रसारमा ल्याउन बिलकुल चाहनु हुन्नथ्यो। धर्म अध्ययन, अध्यापनमा भन्दा धर्म अभ्यासमा बढी जोड दिनुहुन्थ्यो, यति त थाहा छ मलाई उहाँको बारेमा। हुन पनि हो, अध्ययन धर्मको पहिलो खुडुकिलो मात्र हो। धर्मलाई धारण नै गर्ने हो भने ध्यान भावनाको माध्यमले यसको अभ्यास गर्नुपर्छ जुन माथिल्लो खुड्किला हो। त्यसैले हो शायद, रत्न मञ्जरी गुरुमाँ जसले ५० वर्ष ध्यान अभ्यास गरेर जीवन व्यतीत गर्नुभयो उहाँले भगवान बुद्धको परियत्ति शासन भन्दा प्रतिपत्ति शासनमा जोड दिनुभयो।

वि.सं. २००२ सालमा २७ वर्षको उमेरमा प्रव्रजित हुनु भएकी रत्न मञ्जरी गुरुमांको नेपालमा बुद्ध शासनिक योगदानतर्फ नियालेर हेर्न चार दशक पछाडि फर्किनुपर्छ। वि.सं. २०२० सालमा नेपालमा बुद्ध धर्म प्रचार गर्ने महान अभिलाषा बोकी बर्माबाट तीनजना गुरुमांहरू मां गुणवती, रत्न मञ्जरी र धम्मवतीको आगमन भएको थियो। त्यतिबेला नेपालमा बुद्ध धर्म प्रचार गर्ने सिलसिलामा ती तीनजना गुरुमांहरूले निकै संघर्षमय जीवन बिताउनु परेको थियो। धम्मवती गुरुमांले धर्म प्रचारको नेतृत्व लिनु हुन्थ्यो भने मां गुण गुरुमां र रत्न मञ्जरी गुरुमांले उहाँलाई हर हमेशा साथ दिनु हुन्थ्यो। धर्मकीर्ति विहारका सह-संस्थापिका रत्नमञ्जरी गुरुमांले धर्मकीर्ति विहारमा रही अन्तिम अवस्थासम्मै आफ्नो दायित्व निभाउनु भयो। विहारमा आवश्यक परेको बेला आर्थिक टेवा पुऱ्याउने पनि गर्नु हुन्थ्यो। विहार भित्र ध्यान भावना गराउने अभिभारा उहाँकै थियो। मलाई सम्झना छ उमेर हुँदाको युवावस्थामा रंगीचंगी फूल सजाउने उहाँको शौख थियो। विहारमा बुद्ध मूर्ति अगाडि फूलदान, किस्तिहरूमा कलात्मक ढंगले फूल सजाउने जिम्मा रत्न मञ्जरी गुरुमांको हुन्थ्यो।

आफ्नो जीवनको ८८ वर्षको अवधिमध्येबाट ६१ वर्ष पवित्र प्रव्रजित जीवन बिताउनु भएकी पूज्यनीय रत्न मञ्जरी गुरुमांले प्रव्रजित जीवनको आदर्शलाई अलिकति पनि हल्लिन दिनु भएन। अन्तिम अवस्थामा अस्पतालको शैय्यामा असमर्थ भएर लेटीरहेको बेला स्वास्थ्यकर्मीहरूले आफ्नो चीवर वस्त्र उतारीदेला भन्ने डरले आफ्नो लुगा कस्सेर हातले समाई रहनु हुन्थ्यो रे। प्रव्रजित नियम विनयलाई कडाईकासाथ पालना गर्नु हुने उहाँ एक विनयधारी हुनुहुन्थ्यो। आफूलाई दानबाट प्राप्त भएको जम्मा रकम कतै विनय विपरित परिचालित होला भन्ने डरले हो शायद गत २०६२ चैत्र १९ गते धर्मकीर्ति विहारमा 'धर्मकीर्ति विहार संरक्षण कोषको' वार्षिक साधारण सभामा उहाँले एउटा महत्वपूर्ण घोषणा गर्नुभएको थियो– "मलाई प्राप्त भएको दान रकम जम्मै मेरो शेषपछि धर्मकीर्ति विहारको लागि नै हुनेछ। अन्ततः कतै यसको प्रयोग हुने छैन।" रत्न मञ्जरी गुरुमांको प्रव्रज्यात्वको सक्कलि नमूना हो यो। यस घोषणाको ठीक ६ महिनापछि त उहाँको देहावसान भयो।

रत्न मञ्जरी गुरुमांसंग ३५ वर्षसम्म समीपमा रहीकन पनि मैले उहाँबाट प्राप्त हुन सक्ने धर्मको स्वाद चाख्न सकिन। एउटा विवेकशील सजीव प्राणी भएर पनि म त निर्जिव दारु सरह पो बन्न पुगेछु। यसैमा मलाई आत्मग्लानी भइरहेको छ अथवा भनुं म पछुताईरहेकी छु।

"भवतु सब्ब मंगलं"

धर्मकीर्ति ★ गतिविधि ★

## धर्मकीर्ति विहारमा बुद्धपूजा र धर्मदेशना

गत आश्विन १४ गते, शनीवार अष्टमी देखि कार्तिक ५ गते आइतबार औंसी सम्म धर्मकीर्ति विहार मा बुद्धपूजा र धर्मदेशना कार्यक्रम यसरी सञ्चालन भएको थियो।

| मिति | बुद्धपूजा | धर्मदेशना |
|---|---|---|
| २०६३ आश्विन १४ | वीर्यवती गुरुमां | धम्मवती गुरुमां |
| २०६३ आश्विन २० | अनुपमा गुरुमां | अनुपमा गुरुमां |
| २०६३ आश्विन २१ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६३ आश्विन २८ | कुशुम गुरुमां | कुशुम गुरुमां |
| २०६३ कार्तिक १ | चमेली गुरुमां | धम्मवती गुरुमां |
| २०६३ कार्तिक ५ | चमेली गुरुमां | धम्मवती गुरुमां |



Downloaded from http://www.dhamma.digital

# रत्न मञ्जरी गुरुमांको यसरी गुणानुस्मरण गरौं

■ लोचनतारा तुलाधर
*कार्यकारिणी सदस्य, धर्मकीर्ति बौद्ध अध्ययन गोष्ठी*



*धर्मकीर्ति विहारका सह-संस्थापिकाद्वय दोगुणवती गुरुमां, रत्न मञ्जरी गुरुमां एवं संस्थापिका धम्मवती गुरुमां*

वहाँलाई वि.सं. २०५२ मंसीर ५ मंगलवार, प्रवजित जीवन ५० वर्ष पुगेको सुअवसरमा विभिन्न संघ संस्थाद्वारा अभिनन्दन गरियो । वहाँलाई नेपालमा प्रतिपत्ति धर्म अभ्यास र प्रचारकार्यमा विशेष योगदानको कदर स्वरूप म्यानमार सरकारले वि.सं. २०६२ जेष्ठ २८ का दिन "महा सद्धम्म जोतिक धज" पदविले विभूषित गरियो । ध्यान भावनामा निरन्तर लागिरहनु भएकी वरिष्ठ विपस्सनाचार्य वहाँ हुनुहुन्थ्यो- पूजनीय श्रद्धेय रत्नमञ्जरी गुरुमां । अन्तर्राष्ट्रिय भिक्षुणी संघकी उपाध्यक्षा, धर्मकीर्ति बिहारका सह संस्थापिका रत्नमञ्जरी गुरुमां वि.सं. २०६३ असोज १९ गते धर्मकीर्ति विहारमा दिवंगत हुनुभयो ।

वि.सं. १९७५ बाला चतुर्दशीका दिन धनकुटामा पिता हेमराज श्रेष्ठ र माता दिलकुमारी श्रेष्ठको कोखबाट जन्मनु भएकी गुरुमांको गृहस्थीनाउँ नरेन्द्र कुमारी श्रेष्ठ थियो । सानै उमेरमा माता पिताबाट वन्चित हुनु भएकी नरेन्द्रकुमारी आफ्ना दाजुहरू सुर्यबहादुर श्रेष्ठ र राम बहादुर श्रेष्ठ सहित दोलखामा सर्नु भयो । त्यस ताका उहाँहरूको जीवन शैली सारै कष्टप्रद थियो । नरेन्द्र कुमारीको बाल्यावस्था धेरै जसो पूर्व नं. ४ भोजपुर टक्सार मामाघरमा बित्यो । भोजपुरमा वहाँलाई सानीमा (आमाको बहिनी)ले पालन पोषण गर्नुभयो । त्यस बखत भोजपुरमा भक्तपुरको श्रद्धेय विवेकानन्द भन्तेले बुद्ध धर्म प्रचार गरी राख्नु भएको थियो । बुद्ध धर्मको सारगर्भित उपदेशले वहाँलाई निकै प्रभावित गर्‍यो जसको फलस्वरूप वहाँ प्रव्रजित जीवन बिताउन इच्छुक हुनु भयो । धेरै जसो श्रेष्ठ परिवार हिन्दु ,धर्म अनुयायी भएको कारण वहाँलाई गृहत्याग गर्न गाह्रो भयो । तैपनि आफ्नो संकल्पमा दृढ हुने स्वभावकी नरेन्द्रकुमारी प्रव्रजित हुनको लागी दोलखाबाट भाग्न सफल भईन् । त्यहाँबाट पाँच दिन सम्म पैदल हिंडी काठमाडौं पुग्नु भयो । काठमाडौंबाट जसो तसो पैदल हिंड्नु भई वहाँ कुशिनगर पुग्नु भयो । यसरी वि.सं. २००२ माघमा वहाँ ऊ चंद्रमणि महास्थविरको आचार्यत्वमा प्रव्रजित भई गुरुमां रत्नमञ्जरी हुनुभयो । त्यसवखत प्रव्रजित जीवन अत्यन्त कठिन थियो । भोजन र आवासको प्रवन्ध, राम्रो थिएन । तैपनि प्रव्रजित जीवनमा समर्पित गुरुमां कत्ति पनि विचलित हुनु भएन । कहिले कुशिनगर, कहिले भोजपुर, कहिले कालिम्पोङ्ग दार्जिलिङ्ग हुँदै जीवन यापन गरीराख्नु भयो । यी मध्ये वहाँले सबभन्दा बढी मणिहर्ष ज्योति साहुको कलकत्ताको घर रामजीदास जेटिया लेन वडाबजारमा बिताउनु भयो । त्यो बेला नेपालमा स्थविरवाद बुद्धधर्म अध्ययन गर्ने वातावरण थिएन । धेरै जसो भन्ते गुरुमाँहरू म्यानमारमा अध्ययन गर्न जानु हुन्थ्यो । रत्नमञ्जरी गुरुमांलाई पनि म्यानमारमा बुद्ध शिक्षा अध्ययन गर्ने र ध्यान भावना अभ्यास गर्ने प्रबल इच्छा भयो । तैपनि विभिन्न कारणवश वहाँको इच्छा भने पुरा हुन गाह्रो भइराखेको थियो । कवि केशरी चित्तधर 'हृदय" की पत्नी ज्ञानप्रभा तुलाधरसंग सम्बन्ध राम्रो थियो । ज्ञानप्रभा तुलाधरले आफ्नो भाइ मणिहर्ष ज्योति साहुलाई अनुरोध गरी वहाँलाई कलकत्ताको घरसम्म पुऱ्याइ दिनु भयो । श्री मणिहर्ष ज्योति साहुकै अथक प्रयासबाट रत्न मञ्जरी गुरुमां बर्मा पुग्न सफल हुनु भयो । दानपति उहाँ साहुले गुरुमांलाई आर्थिक सहयोग पनि गर्नु भयो । त्यसैले बुद्ध धर्म सम्बन्धी अरु लेख लेख्न नहुने गुरुमांले वहाँ साहुज्यूको गुण वर्णन गर्दै "मणिहर्ष ज्योति स्मृति ग्रन्थ" मा

"करुणा व मुदिता दुम्ह मणिहर्ष ज्योति दाइ" नामक लेख लेख्नु भई गुणानुस्मरण गर्नुभयो ।

रत्न मञ्जरी गुरूमां वि.सं. २०१३, बु.सं. २५०० मा म्यानमार जानुभई रंगूनको हंसावतीमा भाव परियत्ति उत्तीर्ण गर्नु भयो त्यस्तै मोलमिनको खेमाराममा पनि बुद्ध शिक्षा अध्ययन गर्नु भयो । अध्ययनका साथै वहाँले रंगूनको महासी सासना यैता ध्यान केन्द्रमा पाँच पल्टसम्म तीन महिने ध्यानको कोर्षअभ्यास गरी प्रतिपत्ति धर्म अभ्यास गर्नु भयो । वि.सं. २००६ सालमा प्रवजित हुनु भई वर्मामा धर्म अध्ययन गरिरहनु भएकी धम्मवती 'धम्माचरिय' गुरुमां संग वहाँको त्यहीं चिनजान भयो । १४ वर्षको अध्ययन पुरा गर्नु भई वि.सं. २०२० मा धम्मवती गुरुमां बर्मी दो गुणवती गुरुमांसंग नेपाल आउने तरखरमा लाग्न थाल्नु भयो । रत्नमञ्जरी गुरुमां पनि ६ वर्षको अध्ययन र अभ्यास पछि नेपालमा फर्कने विचार गर्नु भयो । वर्मामा रहंदा रत्नमञ्जरी गुरुमांलाई विभिन्न वरिष्ठ ध्यान गुरु संग ध्यान भावना अभ्यास गर्ने मौका मिलेको थियो । वहाँलाई अध्ययनमा भन्दा ध्यान भावनामै बढी लगाव थियो ।

नेपाल फर्कने क्रममा कलकत्ताको जेटिया लेन वडाबजार स्थित मणिहर्ष ज्योति साहुको घरमा रत्नमञ्जरी गुरुमांको वर्मी गुरुमां दो गुणवती र धम्मवती गुरुमांसंग भेट भयो । त्यो बेला वर्माबाट नेपाल पुग्न कलकत्ताबाट आउनु पर्थ्यो । त्यहाँ देखि वहाँहरू तीनैजना संगै नेपाल फर्कनु भयो । चौध वर्ष बर्मामा बस्नु भई नेवारी भाषा बिर्सनु भएकी धम्मवती गुरुमांलाई रत्नमञ्जरी गुरुमां को सहयात्रा अति नै महत्वपुर्ण भएको थियो । विभिन्न कठिनाइ पार गर्दै बि.सं. २०२२, वैसाख २६ गते धर्मकीर्ति बिहार स्थापना पछि रत्नमञ्जरी गुरुमां स्थायी रूपमै यहीं वसोवास गर्नु भयो ।

वर्मामा धेरैपल्ट ध्यान अभ्यास गरीसक्नु भएकी गुरुमाँले त्यही नै मार्गमा फेरि लाग्न थाल्नु भयो । नेपालमा विपस्सना पद्धति भित्रिनु अघि नै वहाँ बुद्ध गयाको बर्मीज विहारमा भावनाको लागी जानु हुन्थ्यो । इगतपुरी विपस्सना केन्द्रमा पनि पटक-पटक जानु हुन्थ्यो । वि.सं. २०२८, सन् १९७१ तिर गुरुजी कल्याण मित्र सत्यनारायण गोयन्काज्यूबाट वर्षको एकपल्ट राख्नु हुने शिविरमा वहाँ नियमित रुपमा राजगृह जानु हुन्थ्यो । वि.स. २०३८, सन् १९८१ मा नेपालमा पहिलो पल्ट सत्यनारायण गुरुजीबाट आनन्दकुटीमा अस्थायी विपस्सना शिविर थाल्नु भयो । त्यस्तै वि.सं. २०३८, सन् १९८२ मा बुढानिलकण्ठ स्कूलमा शिविर प्रारम्भ भयो । यसरी नेपालमा विपस्सना पद्धतिं थालनी हुँदै वि.सं. २०४०, सन् १९८४ मा बुढानिलकण्ठमा धर्मश्रृंग' ध्यान केन्द्रको स्थापना भयो । त्यही सालमा पूज्य रत्न मञ्जरी गुरुमांलाई गुरुजीले विपस्सना आचार्य पदमा नियुक्ती गर्नु भयो । यसरी वहाँ नेपालकै प्रथम महिला विपस्सना आचार्य हुनु भयो । वहाँको आचार्यत्वमा अहिले सम्म ६० पल्ट ध्यान शिविर संचालन भई सक्यो ।

विपस्सना ध्यान केन्द्रको रेकर्ड अनुसार वहाँले प्रथम पल्ट सन् १९८४, जुन् १६ देखि २६ सम्मको र अन्तिम सन् २००६ मार्च देखि २६ सम्मको शिविर संचालन गर्नु भएको थियो । धर्मकीर्ति बिहारमा पनि वहाँले नियमित रुपमा सामूहिक ध्यान गराउनु हुन्थ्यो । वहाँले काठमाडौं वाहेक नारायणघाट, बुटवल, धरान, पोखरा आदि ठाउँमा पनि शिविर संचालन गरी सक्नु भएको थियो । यस अवधिभित्र गुरुमां स्वयं पनि साधिका भइ भावना अभयास गर्नु हुन्थ्यो ।

कम बोल्ने स्वभावकी वरिष्ठ आचार्य रत्नमञ्जरी गुरुमाँ नियम पालनामा अति नै कडा हुनुहुन्थ्यो । नियम विरुद्ध काम गर्नेलाई गाली गर्न वहाँ पछि पर्नु हुन्न । गृहत्याग गरी सके पछि प्रव्रजित जीवन पद्धति अनुसार नै चल्नु पर्छ भन्ने वहाँको स्पष्ट धारणा छ । वहाँले आफ्नो गृहस्थ जीवनका आफन्तहरूलाई वारम्बार भन्ने गर्नु हुन्छ– "हामी प्रव्रजितहरू त्यागी जीवन अनुसार चल्नु पर्छ । हामीहरूले गृहस्थीहरूलाई, आफ्नो परिवारजनलाई केही दिएर उनीहरूलाई पापको भागीदार गर्नु हुन्न, ऋणको भागीदार गर्नु हुन्न । तिमीहरू गृहस्थाश्रममा बस्नेहरूले एक आपसमा सहयोग गर्नु पर्दछ ।" महान् त्यागी गुरुमांको यस वाक्यमा गहिरो आदर्श लुकेको कुरा बौद्धहरूले जान्नुपर्ने आवश्यक छ । वहाँ गुरुमां आफ्नो प्रव्रजित जीवन कलंकित होला भन्नेमा एकदम सतर्क बस्नु हुन्थ्यो । प्रचार प्रसारमा मुछ्न नचाहने गुरुमांको यस्ता गुणहरूले गर्दा नै वहाँलाई राष्ट्रका विशिष्ट व्यक्तिहरू महास्थविर भिक्षु सहित हजारौं उपासक उपासिकाहरूले अन्तिम श्रद्धाञ्जली अर्पण गरे । अनि वहँको पार्थिव शरीर लाई भिक्षु, भिक्षुणी, उपासक उपासिकाहरूले सामुहिक रुपमा दागवत्ती दिए । ■



Downloaded from http://www.dhamma.digital

# दिवंगत पुज्य गुरुमां रत्न मञ्जरी मेरो दृष्टीमा



श्रद्धाञ्जली अर्पण गर्नुहुँदै पर्यटन मन्त्री प्रदीप ज्ञवाली

■ **सुश्री शोभा शाक्य**, तानसेन

२०६३ साल आश्विन १९ गते राती इमेज च्यानलबाट टि.भी. मा मैले मेरो अत्यन्त आदरणीय पुज्य गुरुमां रत्न मञ्जरी ज्यूको दिवंगत हुनु भएको खवर हेर्दा म किंकतर्व्य विमूख भई छक्क परें । विश्वास गर्न गाहारो भयो त्यो घटनाको वारेमा मैले तुरुन्त धर्मकीर्ति विहारमा फोन गरें घटना सत्य रहेछ ।

मैले पुज्य गुरूमांलाई आजभन्दा ४० वर्ष अगाडी देखि चिन्दछु । उहाँ अत्यन्त दृढसंकल्पीत नारीको रुपमा मानिनु हुन्छ । किन भने नेपालको अत्यन्त विकट जिल्ला भोजपुरमा १९७५ मा सामान्य परिवारमा जन्मनु भएकी उहाँ गुरुआमा बौद्ध भिक्षुहरूको संगतमा परेपछी बौद्ध धर्मको सार अनित्य धर्मलाई बुझ्नु भई घरबाट प्रव्रज्या हुन निकै संघर्ष गरी घर छोडी बौद्ध धर्ममा प्रवेश गरी प्रव्रजित गुरुमां हुनुभएको कुरा मलाई वारंम्वार बताउनु हुन्थ्यो । बुद्ध बचनलाई पालन गरी जीवन बिताउनु उहाँको प्रमुख लक्ष र विश्वास थियो । एक चित्त भई भगवान गौतम बुद्धको शिष्यभई जीवन यापन गर्नु भएको थियो । नेपालको बौद्ध जगतमा उहाँ सबैभन्दा जेठी गुरुमां हुनु हुन्थ्यो । दिवंगत भएको समयमा उहाँको उमेर ८८ वर्ष पुगेको भएता पनि उहाँमा अथाह आत्म बल र उत्साह थियो । त्यसैले उहाँ हस्पिटलबाट विहारमा टेक्सीमा आउनु भई मोटरबाटोबाट विहारसम्म बर्षाद भई रहँदा पनि भिजी हिंडेर आउनु भएको भन्ने सुन्दा कसलाई मात्र अनौठो लाग्दैन होला । यो कुरा थियो उहाँको दिवंगत हुनु भन्दा ११ दिन अगाडिको घटना ।

उहाँको उमेर धेरै भएको भएता पनि अन्य विशेष प्रकारको शारीरिक रोग उहाँमा थिएन । उहाँलाई नाकको समस्या थियो । बेला बखतमा खोकी लाग्दथ्यो । नाक भित्र मासु बढ्ने रोगकै कारण पहिला पनि अपरेशन गरी मासु निकाल्ने काम भएकै थियो । अपरेशन गरेपछि पनि पुन: त्यो समस्या भएपछि यस पटक शिक्षण अस्पतालमा भर्ना भई उपचार गर्ने क्रममा पुन: अपरेशन गरी पूर्ण स्वास्थ्य लाभ नहुँदा नहुँदै उहाँको विहार फर्कीने प्रवल इच्छा अनुसार विहारमा फर्कंदा बिहार भित्रीन हिंड्नु पर्ने बाटोमा हिंडेर आउनु भनेको उहाँको आत्मवलको ठूलो उद्धाहरण मान्नु पर्छ ।

दिवंगत रत्नमञ्जरी गुरुमां मेरो दृष्टीमा मेरो जन्मदिने आमा पछिको आमा समान हुनु हुन्थ्यो । म घर मा रहंदा आमाको माया ममता पाउँथे भने काठमाडौं आउँदा उहाँ गुरुमाको संरक्षण माया र ममता मलाई प्राप्त थियो । आज भन्दा ३८ वर्ष अगाडी बौद्ध संस्कार अनुसार भिक्षुहरू बर्षावास तिन महिना एउटै विहारमा वस्नु पर्ने

नियम छ । बर्षावास पछि वर्षावासमा रहने भिक्षुहरूको लागि कठीन चिवर दान दिने परम्परा छ सो दान दिने व्यक्तिलाई ज्यादै पुण्य प्राप्त हुन्छ भन्ने बौद्ध ग्रन्थहरूमा उल्लेख छ । सोही अनुसार कुशीनगरमा कठीन चीवर दान दिने इच्छाले उहाँ तानसेन आउनु भयो उहाँको साथमा धर्मकीर्ति विहारको नगिचै घरको लक्ष्मी दिदीलाई लिएर आउनु भएको थियो । तानसेनको धार्मिक कार्यमा सहभागी भई उहाँले मलाई भन्नु भयो– "शोभा मलाई कुशीनगरमा गई कठीन चीवर दान दिने इच्छा छ तिमीले मलाई मद्दत गर्नु पर्‍यो । हामी दुइजनामात्र जाने हिम्मत छैन" भनी भन्नु भयो । मैले गुरुमां धन्दा मान्नु पर्दैन तपाईंका इच्छा हामी पुर्‍याउन तत्पर छौं भनी विश्वास दिलाउँदा उहाँ अत्यन्त खुसी हुनु भयो । मैले कुशीनगर जाने एउटा समूह तयार गरें जसमा म स्वयंम् चिनी देवी, विश्वमान, सन्त लक्ष्मी, मिन लक्ष्मी आदी सबै गुरुमांको साथमा कुशीनगर गई गुरुमांको कठीन चीवर दान कार्य सम्पन्न गराई फर्कीयौं । त्यो घटना गुरुमांको जीवनमा अविस्मरणिय भयो र त्यो सहयोगलाई कहिले विर्सन सक्नु भएन । यसबाट प्रष्ट हुन्छ गुरुमां गुण देख्ने एक इमान्दार व्यक्तित्व हुनुहुन्छ ।

गुरुमां अत्यन्त सरल स्वभावका छक्का पन्जा भन्ने स्वभाव थिएन । बर्मामा अध्ययन गर्न बस्नु भयो योग्य गुरुको साथमा बसी बौद्ध धर्म र आचरणलाई कडाइका साथ अध्ययन र पालन गर्नुभएको हुँदा उहाँको स्वभावमा पनि त्यस्तै बौद्ध आचरणलाई कडाइका साथ पालन गर्नु पर्छ भन्ने उहाँको मान्यता । दु:खबाट मूक्त हुने हो भने मानवमात्रले बुद्धको नियमलाई जस्ताको तस्तै पालन गर्नु पर्छ भन्ने इमान्दार व्यक्ति हुनुहुन्थ्यो । शील विग्रेमा जीवन पिडामय हुन्छ, कष्टकर हुन्छ, मानसिक असन्तुलन हुन्छ त्यसैले शीललाई कडाइका साथ पालन गर्नु पर्छ भन्ने उहँको दृढ विश्वास थियो । यसरी उहाँकर्मठ शील, पालक व्यक्तित्व हुनुहुन्थ्यो ।

आतित्थ्य सत्कारमा उहाँको कमी हुँदैनथ्यो । जो सुकै व्यक्तिहरू उहाँलाई भेट गर्न जाँदा उहाँले आतिथ्य सत्कार नगरी नपठाउने बानी थियो । जसलाई जे चीजको खाँचो हुन्छ त्यो चीज आफूमा भए दान दिने उहाँको स्वभावले उहाँलाई दानी व्यक्तित्वको रुपमा र आतिथ्य सत्कारमा तत्पर रहने गुरुआमाको रुपमा मैले चिनेको छु । आफू बौद्ध धर्ममा लिन भएर गृहत्याग गरी विहारमा बसी धर्मप्रचार गरी जीवन बिताउने क्रममा वरिष्ठ आचार्यको रूपमा जीवन बिताउनु भई ६० ध्यान शिविरहरू संचालन गर्नुभएको छ । यस कुरालाई हेर्दा उहाँ ध्यानाचार्यको रुपमा कटीवद्ध बरिष्ठ प्रमुख आचार्य मध्ये नेपालका सर्व श्रेष्ठ आचार्य मान्नु कर लाग्छ । ध्यान शिविर संचालन गर्न र बौद्ध धर्म प्रचार गर्न गाउँ-गाउँ भ्रमण गर्नु भई नारी शिक्षा बौद्ध धर्मवारे प्रचार प्रसार गर्नु भएको स्मरण हुँदा उहाँ एक कर्मठ निडर साहसिक आफ्नो निर्णय र विचारमा अडीग व्यक्तित्व मा लिन सकिन्छ । जुन वखत जे इच्छा हुन्छ त्यो कार्य तुरुन्त गर्नु पर्ने कामलाई भोली गर्छु भन्ने बानी उहाँमा थिएन । आफ्नो मनले यो कार्य गर्ने भन्नासाथ सो गरी सक्नु पर्ने स्वभाव उहाँमा थियो ।

गुरुमांले आफुलाई श्रद्धा गर्ने व्यक्तिलाई अत्यन्त विश्वास र भरोसा गर्नु हुन्थ्यो । एक त्यागी व्यक्ति भईकन पनि गृहस्थमा रहेका उपासक उपासिकाका दु:ख सुखलाई बाँड्न सक्ने सम्झाउन सक्ने सल्लाह दिन सक्ने स्वभावले उहाँलाई धेरै जसो उपासिका र उपासकहरूले आमाको रुपमा उहाँले जे भने पनि मान्ने खालका मध्ये म पनि एउटी उपासिका भएं । अनन्त गुण की खानी पापदेखि डराउने पुण्य र सत्कार्य गर्न अगाडि सर्ने मेरो दृष्टीमा अत्यन्त पुजनिय गुरुमां रत्नमञ्जरी प्रति मेरो कोटी वन्दना । उहाँ जस्तो बौद्ध विद्वान ध्यानमा वरिष्ठ आचार्यको निधनले नेपालको बौद्ध जगतलाई ठूलो क्षति पुगेको छ । उहाँको प्रेरणाबाट समाजले बौद्ध धर्ममा समर्पित भई राग द्वेष मोहवाट मुक्त भई देशमा शान्ति कायम गर्न सबै नेपालीहरू निश्वार्थ भावले लाग्ने छन् भन्ने विश्वासका साथ दिवंगत गुरुमांले सुखावती भुवनमा बास गरोस् भन्ने कामना गर्दछु । भवतु सब्ब मंगलम् ।

## गुरुमांया लुमन्ति

■ रोशनकाजी तुलाधर

मृत्यु हरे गुलि कुटिल स्वरे, गन चेतनाया वइ पराजय ।
जीवनया अनुरागी जगतय् ह्याविइ व तःगु प्रलय ।
अय् जीवनया पुवात धापिं थःगु छ्यनय् किसि ब्यागु मखेपिं ।
थंकी रत्नया मञ्जर नं थौं चफुना यंकी भीं दयुं गय् ।
रत्न ओहो, त्रिरत्नया रत्न ! मानवताया थौंगु हिसा ।
ब्याक्क पिज्वयेका मतकी थें स्व सुन्यताय् विज्यायेन हानं ।
सीकि सीकि अय् पण्डित ज्ञानी । जीव जगत छम्ह ह्वतेमानी ।
अनुभूति हे मूगु सवा: न्है । रत्न थ्वहे जीवनया खानिई ।
मन्त हरे, सशरीर व मन्त नामरूप धुं हे मन्त !
किन्तु मदै गय् रत्नमञ्जरी ? धर्मकीर्ति पुनरागमन दै ।



Downloaded from http://www.dhamma.digital

# पूज्य रत्न मञ्जरी गुरुमाँको चिता हेरेपछिको मेरो अनुभव

■ इन्दावती गुरुमाँ



अन्त्येष्ठीको क्रममा चिहानमा जम्मा भएका भन्ते, गुरुमांहरू लगायत नर-नारीहरू

गतवर्ष नेपाल अधिराज्य क्षेत्रमा भगवान बुद्धको थेरवादी बुद्ध शासनिक क्षेत्रमा संलग्न भई आएका पूज्य भन्ते, गुरुमांहरूको निधनको कारणले गर्दा थेरवादी बुद्ध शासनिक क्षेत्रमा कहीं न कतै क्षति हुन गएको महशुस गर्दै दु:खको विडम्बना भोग्नुपर्ने अनौठो संसारको परिकल्पना गरी दुई शब्दभाव पोख्दैछु ।

गत २०६३ वैशाख २८ गते राजकीय बुद्ध विहार लुम्बिनीका भिक्षु विमलानन्द महास्थविरको निधन भएको थियो भने २०६३ ज्येष्ठ १ गतेका दिन संघनायक भिक्षु सुबोधानन्द महास्थविर पनि देहवास हुनु भयो । त्यसपछि केही समय पश्चात् २०६३ आश्विन १९ गतेका दिन दुर्भाग्यवस हाम्रा गुरुवर रत्नमञ्जरी गुरुमाँको पनि देहत्याग हुन पुग्यो । यो हामी सबैको लागि दु:खको घडी हुन पुग्यो ।

धर्मकीर्ति विहार २०२२ सालमा स्थापना कालदेखि पूज्य धम्मवती गुरुमाँ, दोगुणवती गुरुमाँ र रत्नमञ्जरी गुरुमाँहरू ती तीन गुरुमाँहरू मध्ये वहाँ पनि एक धर्मकीर्ति विहारका सह-संस्थापिका हुनुका साथै धर्मश्रृङ्ग, विपश्यना भावना केन्द्र बुढानिलकण्ठका वरिष्ठ आचार्य पनि हुनुहुन्छ । उनी प्राय: गाउँ-नगर पुगी उपासक उपासिकाहरूलाई ध्यान अभ्यास सिकाउनु हुन्छ ।

जब म यस धर्मकीर्ति विहारमा २०५० साल वैशाख महिनाका दिन प्रवेश भएँ, त्यस अवस्थामा म प्रव्रजित हुने सोचमा थिएँ । अनि रत्नमञ्जरी गुरुमाँले मलाई पाली भाषाका परित्राण पाठ सिकाउने गर्नुहुन्थ्यो । केही समय पछि म पूज्य धम्मवती गुरुमाँको आचार्यत्त्वमा धर्मकीर्ति विहारमा आएर प्रव्रजित भएँ । यस बेलादेखि वहाँसँग मेरो गुरुमाँको नाता गाँसिन पुग्यो । वहाँले विहारमा पनि शिष्यहरूलाई ध्यान अभ्यास सिकाउनुका साथै विनय-नियम सम्बन्धी ज्ञान पनि दिनुहुन्थ्यो । उहाँ विनय नियम प्रति सचेत दिलाउने गुरुमाँ हुनुहुन्छ । हामी त्यागी प्रव्रजितहरूले चीवर पहिरिनुको अर्थ नै विनय (नियम) लाई उल्लंघन नगरी सदा सचेत सजग रहनुपर्छ भनेर वहाँले हामी प्रति चेतावनी दिने गर्नुहुन्थ्यो ।

हाल-सालकै केही दिन अघि वहाँ गुरुमाँ प्रति नाकको समस्याभई अस्पताल भर्नागरी अपरेशन सिद्धिएपछि विहारमा फर्कनु भएकोथियो । वहाँलाई खानाको मात्र अलि रूची थिएन । वहाँ कमजोरी अवस्थामा हुनुहुन्थ्यो । विहारमा पूज्य धम्मवती गुरुमाँ लगायत अन्य शिष्यहरूले वहाँ प्रति सुस्वास्थ्य कामना गर्दै सेवा तहल गरिनुका साथै परित्राण पाठ पनि गरिदिनु भएको थियो ।

अचानक धम्मवती गुरुमाँलाई भारतमा वर्षावास बस्नुभएका भन्तेहरू लुम्बिनी आगमन हुने खवरबाट

आश्विन १८ गते नै लुम्बिनीमा जाने निधो भयो ।

आश्विन १६ गतेका दिन विहान रत्नमञ्जरी गुरुमाँ र धम्मवती गुरुमाँहरूको आर्शिवाद लिई म, सुजाता गुरुमाँको साथ लुम्बिनीमा पुग्यौं । १८ गते धम्मवती गुरुमाँ, अन्य गुरुमाँहरू र उपासक, उपासिकाहरू पनि लुम्बिनीमा आउनुभयो । १९ गते विहान भन्तेहरूलाई दान-पुण्य कार्य गरी काठमाडौंबाट आएका उपासक-उपासिकाहरूलाई लुम्बिनी स्थित अन्य विहारहरू दर्शन गराउनेतर्फ लागें । त्यसपछि भोजन गरी दिउँसो अर्को कार्यक्रम लुम्बिनीमा बौद्ध धर्म अध्ययन गर्नेहरूलाई पुरस्कार वितरण कार्यक्रम विषय सुजाता गुरुमाँ र कुसुम गुरुमाँहरू छलफल गर्दै थिए, त्यसैबेला धम्मवती गुरुमाँ हामीहरू भएका कोठामा आउनुभई भन्नुभयो– "काठमाडौंबाट अनुपमा गुरुमाँले टेलिफोनद्वारा खबर पठाउनु भएको, विहारमा रत्नमञ्जरी गुरुमाँको निधन भयो रें ।" यो सुनी हामीहरू एक्कासी अचम्भितभई अतालियौं । अब के गरौं ! दिउँसोको कार्यक्रममा कसैको मन एकाग्र हुन सकेन । अनि हामीले भोलि विहानै काठमाडौं फर्केर आउने निधो गर्‍यौं । कार्यक्रम पश्चात् धम्मवती गुरुमाँले भू.पू. मन्त्री कृष्णगोपाल श्रेष्ठलाई काठमाडौं पठाई रत्नमञ्जरी गुरुमाँको पार्थिव शरीर सुरक्षाको व्यवस्था गरिदिन भन्नुभयो । भोलिपल्ट विहान भारत पाल्नु भएका भन्तेहरूलाई दान-पुण्य गरी हामी सबै काठमाडौं फर्केनेतर्फ लाग्यौं ।

गुरुमाँ हवाइजहाजबाट काठमाडौं फर्केर आउनुभयो भने ञाणपूर्णिक भन्ते हामीसँगै बसबाट आउनु भएको थियो । बाटोमा आउँदा आउँदै पनि बाटो बन्दको होहल्ला मचिरहेको थियो । किन भने त्यहाँ मध्ये कुनै एक ड्राइभरले एक बालकलाई बसले किचि दिएको कारणले हामी सबै बिच बाटो मै रोकिएर रहनुपर्‍यो । केही समय बस मै बसी परित्राण पाठ सम्बुद्धे गाथा अनुस्मरण गर्‍यौं, त्यसपछि दुई-तीन घण्टापछि भगवानको आनुभावबाट मुक्त भयौं । विहारमा पुग्दा राती ९ बजिसकेको थियो । रत्नमञ्जरी गुरुमाँको पार्थिक शरीर देख्ने बितिक्कै दुई हात जोडी प्रणाम गरी परिक्रमा गरें । एकछिन टोलाएर हेरिरहँदा केही कुराहरू मन भित्र महशुस हुन थाल्यो । ओहो ! हाम्रो शरीर अनित्य भएको कारण आज वहाँले हामीबाट बिदा लिई टाढा हुनुभएछ । भने अर्कोतर्फ हाम्रो थेरवादी बुद्ध शासनिक क्षेत्रमा पन कहीं कतै हानि हुँदै छ र हामी सबैले केही न केही गुमाउँदै छौं ।

भोलिपल्ट २०६३ आश्विन २१ गते शनिवारका दिन गुरुमाँको पार्थिव शरीरलाई शव यात्राको क्रममा विहारका गुरुमाँहरू, उपासक-उपासिका सहित व्यस्तहुँदै अल्मलिदै हुनुहुन्थ्यो । भोजन पश्चात् गुरुमाँका घर-परिवारहरू पनि  सहभागी भए । पार्थिव शरीर अगाडि बसी कोही प्रणाम गरी परिक्रमा गर्दै थिए भने कोही पार्थिव शरीर सामुन्ने बसी गहभरी आँसु झार्दै थिए । यो अवस्था देखि म अगाडि गई सम्झाउनु थालें । आफूले पनि धैर्य गर्न मुश्किल भयो । केहीछिन पछि सबै गुरुमाँहरू बसी परित्राण पाठ गरियो ।

समय दुई बज्यो अनि गुरुमाँको शव यात्राक्रम जारीभयो । यस शवयात्रामा भन्ते, गुरुमाँहरू, उपासक-उपासिकाहरू र बाजा-गाजाका साथ शुरू भयो । बाटो भरी अनित्य भावका वाक्यहरू व्यक्त गर्दै गयौं । जब हामी सबै चिहानमा पुग्यौं, त्यहाँ भन्ते गुरुमाँहरूबाट परित्राण पाठका साथ पुण्यानुमोदन गरियो । अनि भन्ते गुरुमाँहरू लगायत सबैले त्यस अन्तिम घडीको चितालाई बलेको मैन बत्तीद्वारा सल्काउन पुग्यौं ।

त्यस जलिरहेको चितालाई धैर्यका साथ एकचित्त लगाएर नियालेर हेर्दाखेरी बिस्तारै-बिस्तारै खरानीको रूपमा परिवर्तन हुँदै थियो । ओहो ! आश्चर्य ! यस्तो खरानीमा परिवर्तित हुनुपर्ने शरीरलाई राम्रो मानी मनमा अनेकौं राग, द्वेष, मोह, मान, अभिमानलाई मनमा ठाउँ दिएर अज्ञानी भैरहनु व्यर्थ हो भन्ने महशूस भयो ।


फर्केर आउँदा पनि त्यही परिवर्तित चिताको खरानी अवस्थालाई सम्झेर ध्यान बस्दा, पाठ पूजा, जप गर्दा पनि त्यहि अनित्य ज्ञानलाई  सम्झि रत्न मञ्जरी गुरुमाँलाई चिर शान्ति कामन गर्दै प्रत्येक क्षेण प्रत्येक समयमा, अनि सात दिन सम्म संचालित ध्यानमा पनि सहभागी भई पुण्यानुमोदन गर्‍यौं ।

■





Downloaded from http://www.dhamma.digital



*श्रद्धाञ्जली सभामा मन्तव्य व्यक्त गर्नुहुँदै रोहित श्रेष्ठ*

# रत्न मञ्जरी गुरूमांको वचनहरू - मेरो स्मृतिमा

■ रोहित श्रेष्ठ

जीवन एक Mirage हो, नत्र किनत अहिलेको कुरा एकै छिनपछि सम्भनामा सिमित हुन पुग्छ ? हिजो भएको मेरो प्यारी रत्नमञ्जरी गुरुमां (निनी) आज किन मेरो सम्भनाको परिधिभन्दा बाहिर निस्कन सक्नु हुन्न ?"

म आफूलाई भन्दा मेरो आमा र निनीलाई माया गर्छु भन्दा पत्यार नलाग्न सक्छ तर संसारमा नहुन सक्ने कुरा के हुन सक्छ र ? भन्ने तर्कले मेरो भनाईलाई Support पनि त गर्छनी । मेरी निनीको वचनहरू यसरी आईरहेका छन् मेरो स्मृतिमा–

"रोहिति, तिमी भिक्षु बन । भिक्षु बनेर पनि आमाको सेवा गर्न सक्छौ, समाजको सेवा गर्न सक्छौ । तिमी भिक्षु बन्छौ भने, सम्पूर्ण कुरा म जुटाई दिन्छु" भन्ने दुई दशक अघिको मेरो निनीको भनाईलाई दुई महिना अधिको उहाँकै भनाईसंग बरोबर दाँज्न थाल्छु । उहाँले भन्ने गर्नुहुन्थ्यो– "रोहित अहिलेको वातावरणमा तिमी भिक्षु भएर पनि हालको भन्दा राम्रो काम गर्न सक्छौ जस्तो मलाई लाग्दैन । गृहस्थि भएर पनि धर्म र समाजको लागि धेरै गर्न सकिन्छ । तिमी बोधिसत्व बन्न सक्छौ । मलाई लाग्छ मेरो गुरु गोयन्का बोधिसत्व हुनुहुन्छ ।"

"तिमीले दिएको पश्मीनाको खास्टो, मैले म भन्दा बुढी गुरूआमालाई दान गरें । अब उहाँले न्यानो गरेर ओढ्नु हुन्छ"

"आमाको सेवा गर्नु । यो तिम्रो मौका हो । मेरो त सानैमा, आफूलाई थाहै नहुंदा आमा र बाबा विती गए"

"यसपालीको बालाचर्तुदर्शीको भोजनदान मेरो अन्तिम वार्षिक भोजन दान होला । म अर्कोपाली यस्तो कार्यक्रम गर्न पाउंदिन होला, त्यसैले तिम्रो आमा, दिदी र दाजुहरू सबैलाई बोलाउनु"

"म अभ्र बांच्छु भन्ने तिमीलाई थाहा छ ? जिन्दगीको के भरोसा हुन्छ र ?"

"मलाई सत्यकुरा गर्न डर लाग्दैन"

"मैले मेरो मरेको दाजुहरू र दिदीहरूको लागि दान दिए पछि उनीहरू टरेर गएको मैले थाहा पाए । अन्तिम सपनाबाट यो कुरा चाल पाए पछि अबत सपनापनि देख्दिन ।"

"मेरो दाजु मणिहर्ष स्वर्गवास भएर सोभ्रै माथिल्लो लोकमा जानु भयो । मरीसकेपछि उहांको मुख हेरेर मलाई थाहा भयो"

"मेरो इच्छा पूर्ति भएको कुरा मेरै मुखबाट नसुने सम्म मेरो दाजु मणिहर्ष यसलोकलाई छोडेर जान सक्नु भएन- उहाँले मलाई त्यति मांया गर्नु हुन्थ्यो ।"

"तिमीले वरदेश संग भेट्छौ ? तिमी, वरदेश, चन्द्रेश र दारीवाल मदन एकै लाग्छ"

"म भिक्षुणी हुं । मलाई तिमीले दान गर्दा, तिमी धनी हुन्छौ तर मैले तिमीलाई दिएं भने मैले तिमीहरूलाई गरीब बनाई राखेको हुन्छु । म चाहन्न मैले मेरो परिवार तथा वन्धु तथा वान्धवलाई गरीब बनाऊँ ।"

"रोहित, तिमी जहिले पनि "हेतु पच्चयो सूत्र" र "**सम्बुद्धे अट्ठविसञ्च** ..." सूत्रहरू पाठ गर्नु । रुपज्योतित घरबाट निस्के देखि आफ्नो ठाउँमा नपुग्दा सम्म यीनै

सुत्रहरू जप्तै जान्छ । तिमीले यी सूत्रहरू कण्ठ गरेको छ ? लौ सुनाउत ।"

"रोहित, तिमीले कमसेकम एकचोटी विदा मिलाएर विपश्यना ध्यान गर । तिम्रो आमालेत दुई चोटी ध्यान बसीसकेको छ । दाजु र दिदीहरूलाई पनि भन । यो जुनीको ध्यानले मैत्री बुद्धको पालोमा अवश्यपनि निर्वाण प्राप्त गर्न सकिन्छ- किताबमा यही लेखेको छ ।"

"म अलिकति खान्छु तर शुद्ध खान्छु । ममा केही पनि रोग छैन । मेरो टाउको, खुट्टा, जिऊ आदि केही पनि दुख्दैन । रोग– खाना र पूर्वजन्मको कर्मफल वाट हुन्छ । खानाको बिचार पुऱ्याए ८०% रोग कम गर्न सकिन्छ ।"

"आहा यो कति मिठो । अलिकति थपन भनी थपी थपी खाने मान्छे– खाए पछि आया र आथु गरेको– मेरो खुट्टा दुख्यो, पेट दुख्यो, टाउको दुख्यो भनेर भनेको मैले धेरै देखेको छु ।"

"रूपज्योति मेरो भदाह हो । उ र उसको परिवारले मेरोलागि धेरै सहयोग गरेको छ । उनीहरू नभएको भए आज म कसरी यो ठाउँमा पुग्न सक्थें र ?"

"रूपज्योति मेरो आज्ञाकारी प्यारो भदाह हो । उसले र तिमीले मलाई बचाई राखेका छौ । तिमीहरू धन्य छौं ।"

"तारादिदीले मलाई नाकको अप्रेशन गर्न लैजान्छ । म अप्रेशन गर्छु । अप्रेशन गरेर बढी भए 'मरिएला', आखिर एक दिनत मर्नुनै पर्छ, किन डराउने ?"

"सुनमाँया मेरो आफ्नो मान्छे हो । मलाई आइपरेको हर कार्यमा उनले निस्वार्थ सघाउँछिन् । आज विहान देखि केही नखाई म संगै मेरो नागरिकता बनाउने काममा लागि रहेकी छिन् । उनी विना मलाई कति गाऱ्हो हुन्छ ।"

"दारीवाल मदन बच्चा जस्तै छ । ऊ कहाँबाट कहाँ पुगीसकेको छ तैपनि मलाई भेट्ने वित्तिकै म संग लुटपुटिएर, 'गुरुमां मेरो आमा होइन ? भन्न आउँछ ।"

"नबिनलाई राम्ररी पुऱ्याउन सक्छौ ? बाहिर अँध्यारो छ– उसलाई टर्च लिएर जानु भन"

"म जती पाउँछु, त्यतिनै दान गर्छु । दानको फलले होकि के हो– हेरन मेरो भरिभराउ छ, खानेकुरा र पैसा पनि । त्यसैले तिमीहरू पनि दान गर्ने गर" ■

*'लेखक रोहित, दिवंगत रत्नमञ्जरी गुरुमांको भदाह हुनुहुन्छ ।' - सं.*

## गुरुमां रत्न मञ्जरीया लुमन्ति

■ आनन्द मानसिंह तुलाधर, [illegible]टी, ये

उपज्जित्वा निरुज्झन्ति तेसं उपसमो सुखो,
गुलिनं उत्पत्ति जुई थ्व धरती छन्हु विनाश जुया [illegible]
वय् धुनेवंहे पारमजूस्व, वनेमालि छन्तुना [illegible]
आः वय् मखुनि भचा मला.लि धासा तैम[illegible] स्वैत ।
थ्वँगु आर्य सत्यया मूल आधार थ्व जन्म, जरा, [illegible] मरणया ।
प्रतिफल भोग याना मवसे मगाः फीस ।
जन्मजुयाः म्वायुगुया भलिसा यायमाः [illegible] मभिंगु ।
कर्मया विपाक नाप दइसा दुसिपिना [illegible] देमखु ।
मखंक यानागु कुकर्म फीत देमखु पुन्य सत्कर्मया ।
थ्यंके फैमखु थःगु नुगः यात सुनानं क्यासां [illegible] जुयाय् ।
थर्कि छकोसां लुमंकेनु पूजनिय रत्न मञ्ज[illegible] गुरुमांयात ।
ध्यान भावना स्यना विइम्ह आचार्य [illegible] ।
थुलिहे वस्पोलया लुमन्ति नुगलय् स्वना:
भावना यायेगु सिवाय् ल्याहां वै मखुत हानंछको ।
धर्मकीर्ति विहारय् वहाँ वने मात्र फस्स लुमनी [illegible] दनिला ।
मरु थ्व विश्वयू विधान थौतक वने धूपि ल्याहां वय[illegible] ।
केवल वस्पोल गुरुमां रत्न मञ्जरीया गुणानु स्मरण [illegible] सिवाय ।
भौतिक शरीर नौ जुयावसां आध्यात्मिक गुण [illegible] दनि ।
लुमंकाः नुगलं श्रद्धाञ्जलि छ्पासः अर्पयाय् गुरुमां छःपिन्त ।
चिरं तिट्ठतु सद्धम्मो
भवतु सब्ब मंगलं ।

## मैत्री केन्द्र बाल आश्रम ध्यानकुटी विहार, बनेपालाई सहयोग

बनेपा मैत्री केन्द्र बालआश्रम ध्यानकुटीलाई आर्थिक सहयोग दिनुहुने दाताहरूको नामावली:-

१. तीर्थ बहादुर मानन्धर चसान — रु. १,०५१-
२. डा. विश्वमान बज्राचार्य, तानसेन — रु. १०००।-
३. तेजमाया उपासिका — रु. ५१०।-
४. सनिल तुलाधर त्यौड — रु. २१०।-
५. अमृतशोभा तुलाधर जमल — रु. ५००।-
६. मोनिष सिंह गोफल जन्मदिनको
उपलक्षमा कापि थान - ३०
सिसा कलम थान - ३०
इरेजर थान - ३०



Downloaded from http://www.dhamma.digital

# रत्न समान रत्न मञ्जरी गुरुमां

■ मीना तुलाधर

मनुष्यलोक एक पूण्य भूमि हो । मनुष्य लोकमै मात्र पूण्य कार्य गर्न सकिन्छ, देवलोक, ब्रह्मलोक र नर्क लोकमा पूण्य कार्य गर्न सम्भव हुँदैन भनिन्छ । विपश्यना ध्यानका वरिष्ठ आचार्य रत्न मञ्जरी गुरुमांको गत २०६३ आश्विन १९ गते निधन भएपछि मनुष्य लोकमा रहेका हामीले एउटा पूण्य भूमि गुमाएका छौं। उहाँ विनयधारी, महान त्यागी, मैत्री ममतामयी, तेजस्वी, करूणा मूर्ति हुनुहुन्थ्यो ।

ध्यानी आचार्य भएकोले हुनसक्छ, उहाँ कम मात्र बोल्नुहुन्थ्यो । त्यसैले उहाँसंग बोल्ने मौका कमै पाइन्छ । म ९ वर्षको सानो उमेरदेखि धर्मकीर्ति विहारमा नियमित पुगीरहेको छु । तर रत्न मञ्जरी गुरुमांलाई जति दर्शन गर्न पाउँछु त्यति बोल्न पाउँदिन । बोल्ने मौका कम पाएकोले हो वा अन्य कुनै कारणले हो मैले रत्न मञ्जरी गुरुमांलाई राम्ररी चिन्न नपाउँदै उहाँ हाम्रो अगाडि नहुने गरी जानुभयो ।

रत्न मञ्जरी गुरुमांको सद्गुणलाई हामीले उहाँको बाह्य स्वभावले चिन्न नसकिने रहेछ । हामी सानो छँदा विहारमा जानेबेला उहाँदेखि डराउँथें किनकि जहिले पनि हामीलाई हप्काउनु हुन्थ्यो, गाली गर्नुहुन्थ्यो । त्यसैले हामी उहाँलाई "छुच्चाम्ह (छुच्चां) गुरुमां" भन्थ्यौं । तर आज बुझें उहाँ छुच्चाम्ह गुरुमा होइन रहेछ । उहाँ त एक विनयमा दह्रो, नियमधारी, विनयधारी व्यक्ति हुनुहुन्थ्यो । आफू नियमधारी भएकोले नै हामीले नियम विपरित काम गर्दा हामीलाई गाली गर्नुहुने रहेछ भन्ने कुरा अहिले बुझें ।

हेमराज श्रेष्ठ र दिलकुमारी श्रेष्ठको कोखमा एक हिन्दु परिवारमा उहाँको जन्म भएको थियो । भिक्षु विवेकानन्दको धर्मोपदेशबाट प्रभावित भई बुद्ध धर्ममा दिक्षित हुनुभएको थियो । बुद्ध शासनमा प्रव्रजित भई ध्यान अभ्यास गर्दै विपश्यना ध्यानका वरिष्ठ आचार्य हुनुभयो ।

मलाई एउटा घटना सम्झना आइरहेको छ । एकदिन दिउँसो धम्मवती गुरुमांलाई भेट्नुपर्ने एउटा कामको सिलसिलामा म धर्मकीर्ति विहारमा पुगेको थिएँ । त्यतिबेला रत्न मञ्जरी गुरुमां विहारको मूल ढोकामा उभीराख्नु भएको थियो । मैले "धम्मवती गुरुमां हुनुहुन्छ कि" भनेर सोधें । उहाँले– "धम्मवती छैन । तिमी घर जाउ ।" भनी हप्काउनु भयो । मलाई जसरी भएपनि विहारमा पस्नु थियो । अनि मैले चमेली गुरुमां, अनुपमा गुरुमां, इन्दावती गुरुमां अथवा अरू कोही हुनुहुन्छ कि भनी सोध्दै गएँ । जसरी भएपनि विहारमा जानु थियो मलाई । तर एक-एक गुरुमांको नाम लिनासाथ– "छैन, तिमी घर जाउ" भनेर हप्काउनु हुन्थ्यो । मनमनै मैले कस्तो छुच्चो गुरुमां भनेर बिचार गरें । अनि मैले चिनीतता त होला नि भनेर सोधें । तब गुरुमांले "कोही पनि छैन विहारमा आज यस्तो परि स्थितिमा पनि घरमा नबसीकन यताउती घुम्न आइरहेछ" भनेर हप्काउनु भयो । मैले बल्ल बुझें किन मलाई अघिनदेखि "घर जाउ" भनेर हप्काउनु भएको भनेर । त्यो दिन काठमाडौंमा "ऋतिक रोशन" काण्ड भएर आन्दोलन र मानिसहरू आक्रोशित भइरहेको दिन थियो । मलाई त रत्न मञ्जरी गुरुमांले घरमा छिटो जानु भनेर गाली गरिराख्नु भएको रहेछ । धन्य उहाँको करूणामयी, ममतामयी गुण ।

उहाँले जहिले पनि विपश्यना ध्यान शिविरमा आऊ भनेर बोलाइरहनु हुन्थ्यो । त उहाँले शिविरको कुरा गर्नुहुन्छ भनेर उहाँको अगाडि नगई पछाडि बस्थें । उहाँको तर्फबाट ध्यानको बारेमा केही पनि बुझ्ने मौका मैले खोजिन । आज धर्मकीर्ति विहारबाट विश्वकै बौद्ध धर्मावलम्बीहरूको एक "रत्न" गुमेको छ । नाम जस्तै काम पनि "रत्न" धन्य रत्न मञ्जरी गुरुमां । तर हाम्रो रत्न मञ्जरी गुरुमां हाम्रो मनबाट, विहारबाट कहिल्यै विलिन हुनेछैन । धर्मकीर्ति विहार तथा यहाँका उपासक-उपासिकाका लागि रत्न समान रत्न मञ्जरी गुरुमां संधै र हिरहन्छ । उहाँको देह नरहेमा के भयो र । आध्यात्मिक उपदेश हामीलाई दिएर जानु भएको छ । उहाँको आध्यात्मिक उपदेश मनन गरी उहाँले जस्तै शुद्ध मनले ध्यान गर्ने अठोट गर्दछु । उहाँले सञ्चालन गरेर जानुभएको हरेक शुक्रवार संचालन हुने धर्मकीर्ति विहारको ध्यान कार्यक्रममा सहभागी हुने कोशिश गर्नुको साथै उहाँको प्रेरणालाई अँगाली दश दिने ध्यान शिविरमा पनि बस्न जाने कोशिश गर्नेछु । ■



फोटो- अरुण सिद्धि तुलाधर

श्रद्धाञ्जली अर्पण याना बिज्यासें चमेली गुरुमां

# मैत्रीपूर्ण श्रद्धाञ्जली झी रत्न मञ्जरी गुरुमांयात

■ चमेली गुरुमां
*धर्मकीर्ति विहार*

वरिष्ठ विपश्यना आचार्य रत्न मञ्जरी गुरुमांनं न्ह्याबलें धयाथें अपोसित धयाबिज्याईगु शब्द बसपोल दिवंगत ज्वीधुंका: जिगु न्हाय्पने थ्वयाच्न । व शब्द वसपोलया म्हुतुं आ: हानं छको न्यने धयां न्यने दैमखुत । वसपोलं धया बिज्याई–

"ध्यान च्वनेगु मखुला ? थुगुसी जिं ध्यान त:वनेत्यना । आ:छको का लि:पा धाई सीला म्वाईला ।" थुकथं छको पतिकं थ: सीमानिगु खँ लुमंका: थ: नं ध्यान च्वना बिज्याई, मेपिन्त नं ध्यान च्वनेगुली तिब:? बिया बिज्याईम्ह रत्न मञ्जरी गुरुमां गन बिज्यात ज्वी ? वसपोल थौं झीगु पुचले मदय्धुंकल ।

८८ दँ दुम्ह वसपोल गुरुमांनं थ:गु अपो समय ध्यान भावना याय्गुली हे जक छ्वचला: दुग्य:गु पुसा पिना बिज्यात । न्हिं-न्हिं थ:गु तालिका अनुसार ध्यान च्वना बिज्याई । अले धया बिज्याई– जि थौं थ्व:क: ध्यान च्वने सिधल । थ्व हे ध्यानं ला म्वाकातल नि जित: । ग्व जि थुलिमछि वर्ष दय्धुंकल । जिगु शरीरय् थ्व स्या: वस्या: धयागु मदुथें । नय्गु खुराक थ्व हे ख: (जा निग:चा, आलु तरकारी भतीचा व दुरु छगूकप्) ।

